नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

पत्र संख्या: २०८२ ।०८३
च.नं ९२८३

फोन नं: ०१-४१००२२३
टोल फ्रि: १६६००११११२२४
बबरमहल, काठमाडौं

मिति: २०८२।११।२६

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरू, सबै।

विषय: स्वास्थ्य बीमा सेवा प्रवाह सम्बन्धमा।

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत सेवा प्रवाहका सन्दर्भमा केही सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले बीमितहरुसँग बिमा सेवाका विभिन्न प्याकेजभित्र समावेश हुने औषधि तथा औषधिजन्य सामग्रीहरू पनि सोहि सेवा प्रदायक संस्था तथा वाह्य औषधि पसलबाट नगदमा खरिद गर्न लगाएका गुनासाहरू प्राप्त भएको हुँदा उक्त विषयहरु स्वास्थ्य बीमा ऐन, २०७४, स्वास्थ्य बीमा नियमावली, २०७५, तथा प्रचलित निर्देशिका र कार्यविधिको विपरीतका गतिविधि हुन्।
यस सन्दर्भमा, यस्ता प्रकृतिका कार्यहरू नगर्न/नगराउन तथा प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधिको पूर्ण पालना गर्न हुन अनुरोध गरिन्छ।साथै, अनुगमनका क्रममा कुनै सेवा प्रदायक स्वास्थ्य संस्थाबाट नियम विपरीत कार्य भएको प्रमाणित भएमा स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १९ को उपनियम (१) को खण्ड (क) बमोजिम हुने व्यहोरा सूचित गराइन्छ।

pawan

डा. पवन कुमार साह
वरिष्ठ मेडिकल सुपरिन्टेन्डेण्ट
(प्रमुख,नीति योजना शाखा)